**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः १२ सितम्बर २०२६**

समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**<u>प्रमुख समाचार</u>**

- नयाँ दिल्लीको भारत मंडपममा आयोजित ब्रिक्स शिखर सम्मेलन 2026 को प्रथम दिनमा ब्रिक्स देशहरुले सर्वसम्मतिले नयाँ दिल्ली घोषणापत्रलाई अपनाएको छ।
- दुर्गापूजाको छुट्टी अवधि यात्रीहरुको बढ़दो भीड़लाई ध्यानमा राख्दै भारतीय रेलवेले उत्तर अनि दक्षिण बंगाल बीच दुइ जोड़ी पूजा स्पेशल ट्रेन चलाउने घोषणा गरेको छ।
- नयाँ पार्टी निर्माण समितिले अलग राज्य गोर्खाल्याण्डको मूल मुद्दा लिएर भोलि दार्जीलिङ्गमा पार्टीको नाम औपचारिक रूपमा घोषणा गर्ने भएको छ।
- सिलगढ़ीमा अग्नि सुरक्षा व्यवस्थालाई सशक्त बनाउनका लागि फायर सेफ्टी विभागको तर्फबाट लगातार निरीक्षण अभियान चलाइंदैछ।
- मौसम विभागले भोलि दार्जीलिङ, कालेबुङ र वरपरका पहाडी भेगमा भारी वर्षाको सम्भावना व्यक्त गरेको छ।

**<u>ब्रिक्स-प्रधानमंत्री संबोधन</u>**

नयाँ दिल्लीको भारत मंडपम्मा आयोजित ब्रिक्स शिखर सम्मेलन 2026 को प्रथम दिनमा ब्रिक्स देशहरुले सर्वसम्मतिले नयाँ दिल्ली घोषणा पत्रलाई अपनाएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले शिखर सम्मेलनको पहिलो दिन दिन सत्रको अंतमा यस घोषणापत्रलाई अपनाउने प्रस्ताव राख्नुभयो। आफ्नो समापन भाषणमा प्रधानमंत्रीले आज अपनाइएको नयाँ दिल्ली घोषणापत्रले सदस्य देशहरुको साझा संकल्पलाई स्पष्ट दिशा प्रदान गर्ने बताउनुभयो।

*Byte*

**<u>दुर्गापूजा</u>**

दुर्गापूजाको छुट्टी अवधि यात्रीहरुको बढ़्दो भीड़लाई ध्यानमा राख्दै भारतीय रेलवेले उत्तर अनि दक्षिण बंगाल बीच दुइ जोड़ी पूजा स्पेशल ट्रेन चलाउने घोषणा गरेको छ। यसमा एउटा ट्रेन कोलकाता-न्यू जलपाईगुड़ी अनि दोस्रो हावड़ा-लामडिंग बीच चल्नेछ। पूर्व रेलवेको तर्फबाट जारी समय-सारिणी अनुसार, हावड़ा-लामडिंग पूजा स्पेशल 16 अक्टूबर देखि 27 नवंबर सम्म प्रत्येक शुक्रवार चल्नेछ। यस्तै प्रकारले कोलकाता-न्यू जलपाईगुड़ी पूजा स्पेशल 17 अक्टूबरदेखि 29 नवंबर सम्म प्रत्येक शनिवार अनि आइतवार चल्नेछ। रेलवे अनुसार, यी पूजा स्पेशल ट्रेनहरुको उद्देश्य दुर्गापूजाको अवधि बढ्ने यात्री भीड़लाई ध्यानमा राख्दै अतिरिक्त रेल सेवा उपलब्ध गराउन हो। वर्तमानमा यी ट्रेनहरुमा टिकट बुकिंग शुरू भएको छैन।

**<u>नयाँ पार्टी निर्माण</u>**

नयाँ पार्टी निर्माण समितिले अलग राज्य गोर्खाल्याण्डको मूल मुद्दा लिएर भोलि दार्जीलिङमा पार्टीको नाम औपचारिक रूपमा घोषणा गर्ने भएको छ। सोही अवसरमा पार्टीको नयाँ झण्डा समेत सार्वजनिक गरिने जनाइएको छ। दार्जिलिङको जीडीएनएसमा आयोजना गरिने कार्यक्रममा पार्टीको नाम साथै, यसको उद्देश्य, नीति तथा आगामी कार्यदिशाबारे समेत जानकारी गराइने बताइएको छ।

**<u>फायर सेफ्टी</u>**

सिलगढ़ीमा अग्नि सुरक्षा व्यवस्थालाई सशक्त बनाउनका लागि फायर सेफ्टी विभागको तर्फबाट लगातार निरीक्षण अभियान चलाइंदैछ। यसै क्रममा आज शहरको व्यस्त सेवक रोड स्थित एक शॉपिंग मॉलमा अधिकारीहरुले फायर सेफ्टी व्यवस्थाको विस्तृत निरीक्षण गरेको छ। अधिकारीहरुले मॉलको विभिन्न भागहरुको निरीक्षण गर्न साथै अग्निशमन उपकरण, फायर

एग्जिट, आपातकालीन निकासी मार्ग, पानीको व्यवस्था, वाटर मोटर अनि आगो निभ्याउनका लागि प्रयोग हुने अन्य उपकरणहरुको जांच गरियो। निरीक्षणको अवधि आपात स्थितिमा मॉल भित्र रहेका मानिसहरुलाई सुरक्षित अनि छिटो बाहिर निकाल्न सकियोस् भनी विशेष रूपले ध्यान दिइयो। सिलगड़ी फायर स्टेशनका अधिकारीले बताए अनुसार शहरको विभिन्न महत्वपूर्ण संस्थानहरु अनि व्यावसायिक प्रतिष्ठानहरुमा फायर सेफ्टी व्यवस्थाको जांच गरिन्दैछ। अधिकारीले बताए अनुसार फायर ऑडिटको एक महत्वपूर्ण उद्देश्य आगो लागोको स्थितिमा मॉलमा रहेका मानिसहरुलाई सुरक्षित अनि शिघ्र बाहिर निकाल्न तथा राहत एवं बचाव कार्यमा तिव्रता ल्याउन हो। अधिकारी अनुसार त्योहारहरुको समय शॉपिंग मॉल अनि बाजारहरुमा भीड़ बढ्ने कुरोलाई ध्यानमा राख्दै पनि यो निरीक्षण गरिएको हो।

**<u>शिक्षक कुटपीट</u>**

जलपाईगड़ी जिला स्कूलका प्रधान शिक्षकसित कुटपीट गरिएको मामलामा पुलिसले चार छात्रलाई हिरासतमा लिएको छ। कोतवाली थाना पुलिसले यस अघि एक छात्रलाई हिरासतमा लिएको थियो जबकि आज तीन अन्य छात्रलाई पनि हिरासतमा लिइएको छ। पुलिस सूत्र अनुसार, चार छात्रलाई आज जुवेनाइल जस्टिस बोर्ड समक्ष पेश गरियो। घटनामा कथित रूपले शामेल छात्रहरुलाई स्कूलबाट टीसी अर्थात ट्रांसफर सर्टिफिकेट पनि दिइएको जानकारी अघि आएको छ। उल्लेखनीय छ शिक्षक दिवसको दिन एउटा घटनालाई लिएर जलपाईगड़ी जिला स्कूलमा प्रधान शिक्षक अनि छात्रहरु बीच विवाद भएको थियो। आरोप छ यस पछि केही छात्रले प्रधान शिक्षकसित कुटपीट गर्यो जसमा शिक्षक घाइते भएको पनि बताइएको छ। स्मरण रहोस् हिज शुक्रवार स्कूल शिक्षा मंत्री दीपक बर्मनले जलपाईगड़ी जिला स्कूलको भ्रमण गर्नुभएको थियो। उहाँले स्कूल प्रबंधन समिति, शिक्षकहरु तथा विभिन्न स्कूलहरुका प्रधान शिक्षकहरुसित बैठक गर्नुभएको थियो। मंत्रीले घटनामा शामेल छात्रहरुको पहिचान गरी उनीहरुलाई टीसी दिने निर्देश दिनुभएको थियो।

**<u>तृणमूल चिन्ह</u>**

तृणमूल कांग्रेस (टीएमसी) को २८ वर्षको इतिहासमा सबैभन्दा ठूलो आन्तरिक कलह अब निर्वाचन आयोग समक्ष पुगेको छ।

*२०२६ को राज्य विधानसभा चुनावपछि बहुमत टीएमसी विधायकहरूलाई आकर्षित गरेर राज्य विधानसभामा विपक्षी नेता बनेका विद्रोही नेता रीताब्रत बनर्जीले दिल्लीमा निर्वाचन आयोगको पूर्ण बेन्चसमक्ष पार्टीको आधिकारिक नाम र चिन्हमाथि आफ्नो दाबी प्रस्तुत गरेका छन्। आयोगसितको भेटपछि पत्रकारहरूसित कुराकानी गर्दै रीताब्रत बनर्जीले चुनाव चिन्हमाथि आफ्नो १ सय प्रतिशत दाबीमाथि विश्वास व्यक्त गरेका छन्। आयोगले सर्वोच्च अदालतको ऐतिहासिक १९७२ सादिक अली मुद्दाको सिद्धान्तको आधारमा विधायकहरूको संख्या र संगठनात्मक प्रतिनिधिहरूको समर्थनको मूल्याङ्कन गर्दछ। यदि आगामी सितम्बर १६ भन्दा अघि चिन्ह विवादको अन्तिम समाधान नभए, आयोगले तृणमूल कंग्रेसको  चिन्ह अस्थायी रूपमा स्थिर अर्थात फीज गर्न सक्नेछ तथा दुवै गुटलाई नयाँ नाम र नयाँ चुनाव चिन्ह प्रदान गर्न सक्नेछ।*

**<u>एसएसबी</u>**

भारत-नेपाल सीमा नजिक सशस्त्र सीमा बल (एसएसबी) ले विगत दुइ दिनमा गरेको अलग-अलग अभियानहरुको अवधि भारी मात्रामा मादक पदार्थ अनि अवैध हथियार जफ्त गरोको छ। कार्यवाहीमा कुल पांच मानिसलाई गिरफ्तार गरिएको छ। आज बिहान 41 औ बटालियन एसएसबी, रानीडांगा अनि बिहार पुलिसको एंटी-नारकोटिक्स टास्क फोर्सले गुप्त सूचनाको आधारमा बिहारको किशनगंज जिलाको गलगलिया स्थित एउटा घरमा छापामारी 507 ग्राम ब्राउन शुगर, एउटा देशी पिस्तौल, ताजा कारतूस अनि मोबाइल फोन जफ्त गरेको छ। यस मामलामा दुइ व्यक्तिलाई हिरासतमा लिइएको छ।

**<u>एटीएम</u>**

एटीएमको माध्यमबाट धोखाधड़ी गरी रुपियाँ निकालने मामलामा दिल्ली पुलिसले कोलकाताबाट तीन आरोपितलाई गिरफ्तार गरेको छ। गिरफ्तार व्यक्तिहरुबाट 62 वटा एटीएम कार्ड, 10 वटा सिम कार्ड, 14 वटा मोबाइल फोन अनि कार्डबाट वित्तीय लेनदेनमा प्रयोग हुने आठ वटा प्वाइंट ऑफ सेल (पीओएस) मशीनहरु जफ्त गरिएको छ।

**सर्जकका सन्तान**

शिक्षक दिवसको छेक पारेर गत ५ सितम्बरको दिन कथाकार कालूसिंह रनपहेंलीको एघारौं कृति अनि पाँचौं कथासङ्ग्रह "सर्जकका सन्तान" कथाकारकै वासस्थल डागापुर स्थित पिन्टेल भिलेज पथमा लोकार्पण गरियो। प्रखर युवा सर्जक-समालोचक भाष्कर मैनाली शर्माको बाहुलीबाट कथाकार रनपहेंली र कृतिकी प्रकाशिका श्रीमती पनिता रनपहेंलीको उपस्थितिमा पुस्तक लोकार्पण गरियो। यस सङ्ग्रहमा जम्मा तीसवटा कथाहरू सङ्ग्रहित छन्। उल्लेखनीय छ श्री रनपहेंलीले ३० वर्ष आकाशवाणीमा सेवा पुऱ्याएर २०१४ मा सहायक केन्द्र निदेशकको पदबाट सेवा निवृत्त भएका हुन्।

**मौसम**

मौसम विभागले भोलि दार्जीलिङ, कालेबुङ र वरपरका पहाडी भेगमा मेघगर्जन, चट्याङ र ३० देखि ४० किलोमिटर प्रतिघण्टाको हावाहुरी सहित भारी वर्षाको सम्भावना रहेको बताएको छ। भोलि दार्जीलिङको तापमान १५ देखि १९ डिग्री सेल्सियस रहने अनुमान पनि विभागले व्यक्त गरेको छ। यस्तै प्रकारले सिलगढी, जलपाइगढी तथा डुवर्स क्षेत्रमा पनि बदल लागि रहन साथै मध्यमदेखि भारी वर्षा हुन सक्नेछ। आगामी सोमबार र मंगलबारदेखि पहाडी भेगमा वर्षा घट्दै जाने पनि मौसम विभागले बताएकोछ।

**********